# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/१२/१४ गते

## प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको ।

-----------------------------------------------------------------

जिल्ला ट्राफिक प्रहरी कार्यालय, लमजुङमा कार्यरत प्रहरी जवान मोति कुमार श्रेष्ठले लाइसेन्स बनाइदिने प्रयोजनको लागि घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौडा मकवानपुरबाट खटिइ गएको टोलीले निजलाई रु.७०,०००/-(सत्तरी हजार) घुस वापतको रकम लिएको अवस्थामा बेशिसहर नगरपालिका वडा नं.-७ स्थित सोनि रेष्टुरेन्टबाट र सोही विषयसंग सम्बन्धित जिल्ला बाग्लुङ, अमलाचौर नगरपालिका वडा नं.-१२ बस्ने कालिगण्डकी ड्राईभिङ्ग सेन्टरका प्रोपाइटर मुस्तकिम मिया र निजको सहयोगी जिल्ला बाग्लुङ, बाग्लुङ नगरपालिका वडा नं.-३ बस्ने सलामदिन मिया लाई पर्सा जिल्ला विरगंज महानगरपालिका वडा नं.-१६ वसपार्क स्थित सगरमाथा गेष्टहाउसबाट मिति २०७४/१२/१३ गते नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता